https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

सूचना मेरो अधिकार

वर्ष २ । अंक ३ । माघ-चैत २०७८

Quarterly RTI News Bulletin

जानेबुझेकाबाटै नीति-नियम पालनामा समस्या देखिनु दुःखद् : सभामुख सापकोटा

संघीय संसद्, प्रतिनिधिसभाका सम्माननीय सभामुख अग्निप्रसाद सापकोटाले विधिले सबैलाई बाँध्न सकेमा लोकतन्त्रलाई विकसित गर्न सकिने बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगद्वारा २०७८ चैत्र २८ गते आयोजित निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रममा मन्तव्य राख्ने क्रममा सम्माननीय सभामुख सापकोटाले जिम्मेवार पदमा बस्नेले नीति, नियम र आचारसंहिताको पालना गर्नु पर्नेमा जानेबुझेकाबाटै यसको कार्यान्वयनमा समस्या रहनु दुःखद् भएको बताउनु भएको छ ।

लोकतन्त्रको परिभाषा चेतना भएको उल्लेख गर्दै सभामुख सापकोटाले संविधान र कानुनमा भएका अक्षरको अक्षरशः पालनामात्र नभई त्यसको भावना र मर्मको ख्याल गर्नुपर्ने बताउनु भयो ।

सूचनाको हक सामान्य शब्द भए पनि यसको बहुआयामिक महत्वको रहेकोले सही सूचना सम्प्रेषण हुनुपर्नेमा सभामुख सापकोटाले जोड दिनु भयो । जिम्मेवारीमा रहनेहरू देश र नागरिकप्रति जवाफदेहीका साथै पारदर्शी हुनुपर्नेमा जोड दिंदै सभामुख सापकोटाले यसका लागि राजनीतिक पार्टीहरू सबैभन्दा जवाफदेही र जिम्मेवार हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा उठेका कतिपय विषय सूचना आयोगको क्षेत्राधिकारभित्र पर्छ कि पर्दैन भन्नेबारे प्रश्न रहे पनि आयोगले आफ्नो दायित्वलाई पूरा गरेको बताउँदै सभामुख

सापकोटाले जनमत निर्माणमा सूचनाको हकको महत्वपूर्ण भूमिका हुने भएकोले यसलाई व्यवस्थित बनाउन सञ्चारजगत्ले महत्वपूर्ण भूमि निर्वाह गर्न सक्ने बताउनु भयो ।

राजनीतिक पार्टीका स्वार्थ हुने भएकाले त्यसलाई सच्याउन खवर्दारी गर्नुपर्ने बताउँदै त्यसका लागि नागरिक तहसम्म सूचनाको हकलाई पुऱ्याउनु पर्नेमा सभामुख सापकोटाले सबैको ध्यानाकृष्ट हुनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सबै मतदाताले सही सूचना प्राप्त गरून् र आफ्नो मताधिकारको सही प्रयोग गरून् भन्ने उद्देश्य कार्यक्रम आयोजना गरिएको बताउँदै चुनाव आफ्नै लागि जनप्रतिनिधि चुन्ने प्रक्रिया भएकोले मतदातालाई सही सूचना प्रवाह हुनु पर्नेमा जोड दिनु भयो ।

राजनीतिक दलले सही उम्मेद्वार र नागरिकले सही जनप्रतिनिधि चुन्नका लागि पनि सही सूचना सम्प्रेषण हुनुपर्नेमा जोड दिंदै प्रमुख सूचना आयुक्त गुरूङ्गले भन्नु भयो, 'राज्य र विभिन्न पक्षबाट निर्वाचनका बेला हुनसक्ने भ्रमपूर्ण सूचना प्रवाह रोक्न पनि सही सूचना प्रवाह हुनुपर्छ ।' निर्वाचनमात्र नभई युद्धका बेला पनि भ्रमपूर्ण सूचना प्रवाह हुने गरेको प्रसङ्ग उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्गले गलत सूचना कारण जनप्रतिनिधि चुन्ने शान्तिपूर्ण निर्वाचन हिंसात्मक हुनसक्नेतर्फ सचेत रहन आवश्यक रहेको बताउनु भयो ।

राजनीतिक दललगायत कानुन अनुसार गठन भएका सबै निकाय सार्वजनिक निकाय भएको उल्लेख गर्दै निर्वाचन आयोगका क्रियाकलापमात्र नभई राजनीतिक दल र अन्य निकायबाट हुने क्रियाकलाप पनि सही सूचना प्रवाहका सन्दर्भमा जवाफदेही हुनुपर्नेमा प्रमुख सूचना आयुक्त गुरूङ्गले जोड दिनु भयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै संवैधानिक कानुनका विज्ञ काशीराज दाहालले निर्वाचन आचारसंहिताबारे, उम्मेद्वार कस्तो मानिसलाई किन बनाइयो ? समावेशिता, मतदाता शिक्षा, निर्वाचन खर्चको स्रोत सार्वजनिक गर्न निर्वाचन आयोग, राजनीतिक दल र सरोकारवालाई राष्ट्रिय सूचना आयोगले स्पष्ट आदेश दिनु पर्ने बताउनु भयो ।

अर्का कार्यपत्र प्रस्तोता विज्ञ टङ्क अर्यालले गलत र भ्रमपूर्ण सूचना प्रवाहका कारण मतदातामा भ्रम सिर्जना हुने भएकोले त्यस्ता सूचना प्रवाहमा नियन्त्रणका लागि समयमै ध्यान दिन नसके सही मतदाताले सही निर्णय गर्न नसक्ने भएको बताउँदै अफवाह र भ्रमपूर्ण सूचना प्रवाहलाई रोक्न निर्वाचन आयोग, नेपाल प्रहरीको साइबर ब्युरो तथा सम्बद्ध पक्षको ध्यानाकर्षण गराउनु भयो ।

परिवर्तित प्रविधिको विकाससँगै सूचनाको उपभोग बढ्दै गएकोमा त्यसले निर्वाचनमा पर्ने प्रभाव र दायरासमेत बढ्न सक्ने बताउँदै सूचनाको जोखिम तथा दुरूपयोग र स्वतन्त्र आमसञ्चार नै प्रजातन्त्रको प्राणवायु भएकोमा जोड दिंदै विज्ञ अर्यालले गलत सूचना भिन्न प्रकारतर्फ आकर्षक हुने हुँदा त्यस्ता सूचना छिट्टै फैलिने तथ्यसहित प्रस्तुत गर्नु भएको थियो । निर्वाचनको क्रममा गलत सूचना प्रवाह हुँदा मतदातालाई भ्रमित पार्ने खतरा औंल्याउँदै हालै लागु भएको निर्वाचन आचारसंहितामा केही थप/संशोधन हुनुपर्नेमा जोड दिंदै अर्यालले निर्वाचन आयोगको वेबसाइट, फेसबुक पेज र ट्वीटर अकाउन्ट अद्यावधिक हुनुपर्नेलगायतका सुझाव राख्नुभएको थियो ।

अर्का विज्ञ दीपक अधिकारीले राजनीतिमा सक्रिय महिला विरूद्ध परम्परागत र सामाजिक सञ्जालमा हुने भ्रामक समाचार र यसबाट पर्न सक्ने प्रभावबारेको अध्ययनको तथ्याङ्कसहित कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमका सहभागी नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिं महरले केही दल चुनावमा आउँछु भनेको अवस्थामा उनीहरूलाई चुनावी प्रक्रियामा ल्याएरमात्र चुनावमा जान उपयुक्त हुने सुझाव राख्नु भएको थियो ।

नेकपा (माओवादी केन्द्र) नेता लिलामणि पोखरेलले चुनावी प्रणालीमा सहभागी हुन्छौं भन्नेलाई ढोका बन्द गर्नु सर्वथा गलत रहेको बताउँदै निर्वाचनका सन्दर्भमा परेका मुद्दाको निर्णय र कार्यान्वयन फितलो भएको धारणा राख्नुभयो । कसैलाई उपमा दिएर गालीगलौज गरिने भएकोले गालीगलौजको परिभाषा स्पष्ट पार्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै निर्वाचन आचारसंहिताको धज्जी उडाइएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सामुदायिक रेडियो प्रसारकका दीपक आचार्य, शरदचन्द्र दाहाल, सन्तोष सिग्देल (डिजिटल राइट्स), सुरज यादव, राप्रपाका केन्द्रीय उपमहासचिव जगन्नाथ प्याकुरेल, सञ्चारकर्मी नरेन्द्र सापकोटालगायतका सहभागीहरूले जिज्ञासासहित सुझाव राख्नु भएको थियो ।

सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनालीका साथै राजनैतिक दलका प्रतिनिधि, विज्ञहरू, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरू, आयोगका सचिवलगायत कर्मचारी उपस्थिति रहेको कार्यक्रमको सञ्चालन राष्ट्रिय सूचना आयोगका उपसचिव सीता निरौला फुयालले गर्नुभएको थियो । ◆

प्रमुख सूचना आयुक्त गुरुङ्गद्वारा सूचना प्रवाहमा सहजीकरण र सार्वजनिकीकरणमा जोड

राष्ट्रिय सूचना आयोगको आयोजनामा ब्यास नगरपालिकामा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरूका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८ चैत २५ सम्पन्न भएको छ । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गको अध्यक्षता गर्नु भएको सो कार्यक्रममा ब्यास नगरपालिकाका मेयर बैकुण्ठ न्यौपाने प्रमुख अतिथिका रूपमा रहनुभएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै मेयर न्यौपानेले सूचनाको हक कानुनी राज्यको महतत्वपूर्ण अङ्ग रहेको र यसको पालना गर्नु सबैको जिम्मेवारी भएको विचार व्यक्त गर्दै आफ्नो र नगरपालिकाको सूचनाको हकप्रति प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा नगरपालिकाका उपप्रमुख मिरा जोशीको पनि अतिथिको रूपमा उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले मन्तव्य राख्दै सूचनाको हकले लोकत्रान्तिक पद्धति स्थापनापश्चात् मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलनपश्चात्को संविधान सभाका जनप्रतिनिधिहरूले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हकसम्बन्धी कानुनको आवश्यकता महसुस गरी सो कानुन ल्याएको बताउनु भयो । विश्वका १ सय ३० भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको सन्दर्भ उल्लेख गर्दै प्रमुख आयुक्त गुरूङ्गले सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न पनि सूचनाको हकको महत्व र प्रयोग विश्वव्यापी रूपमा बढ्दै गएको धारणा राख्नु भयो ।

सबै जिम्मेवार नागरिकले सूचनाको हकको प्रबर्द्धन एवम् सम्बर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्दै प्रमुख आयुक्त गुरूङ्गले नागरिकले सबै सूचना माग गर्न पाउने, सूचना माग गर्न नागरिक आफै उपस्थित हुन नपर्ने, अनलाई सूचना माग्न तथा पुनरावेदन गर्न पाइने व्यवस्थाका बारेमा विस्तृत रूपमा बताउनु भयो । संविधानले व्यवस्था गरेको नागरिक अधिकारको सम्मान गर्दै नागरिकले माग गरेको सूचना समयमा उपलब्ध गराउन, सूचना मागकर्तालाई सहजीकरण गर्न, सूचना माग्न आउनै

> विश्वका १ सय ३० भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको सन्दर्भ उल्लेख गर्दै प्रमुख आयुक्त गुरूङ्गले सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न पनि सूचनाको हकको महत्व र प्रयोग विश्वव्यापी रूपमा बढ्दै गएको धारणा राख्नु भयो ।

नपर्ने वातावरण बनाउन, स्वतः प्रकाशन तथा सार्वजनिकीकरणमा जोड दिनु पर्नेजस्ता सुझावहरू प्रमुख आयुक्त गुरूङ्गले दिनु भयो । ब्यास नगरपालिकाले स्वतः प्रकाशन नियमित गरेको तथा बैठकका निर्णयहरू वेबसाइटमा राख्ने गरेको, अन्य विवरणहरू अद्यावधिक गर्ने गरेकोमा त्यसको प्रशंसा गर्दै प्रमुख आयुक्त गुरूङ्गले यसलाई नियमितता दिँदै थप विषयहरू पनि सार्वजनिक गर्दै जान अनुरोध गर्नुभयो । कार्यक्रममा सहभागीबाट राखिएका जिज्ञाशाहरूको पनि प्रमुख आयुक्त गुरूङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हकका बारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयहरूसहित कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले कार्यालय प्रमुखको बैठकमा सूचनाको हकबारेमा छलफल हुने गरेको, कार्यालयहरूको वेबसाइट अपडेट नभएकोप्रति छलफल गर्ने तथा सूचनाको हक कार्यान्वयनका लागि थप प्रयास गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले व्यास नगरपालिकाले सूचनाको हकलाई उच्च प्राथमिकता दिएको, माग भएको सूचना उपलब्ध गराउने गरेको, निर्णयहरू वेबसाइटमा राख्ने गरिएको, प्रेस सम्मेलन नियमित रूपमा हुने गरेको बताउँदै सूचनाको हकको कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्नु भयो ।

कार्यक्रममा सहभागीहरूले सूचना माग गर्दा आफै उपस्थित हुन पर्ने/नपर्ने, अनलाइन माग गर्न पाइने/नपाइने, कतिपय निकायको वेवसाइट अपडेट नभएको, कतिपय कानुनी प्रावधान बाझिएको झैं देखिनेजस्ता जिज्ञाशा तथा सुझाव राख्नु भएको थियो ।

आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव कपिलप्रसाद उपाध्यायले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । ◆

‘सूचनाको हक, सङ्घर्षको उपलब्धी’

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना माग गर्ने प्राप्त गर्ने नागरिकको अधिकारलाई संवैधानिक हकका रूपमा स्थापित गर्न ठूलो सङ्घर्ष भएको बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगले लुम्बिनी प्रदेशको रूकुम पूर्वको जिल्ला सदरमुकाम सिस्ने गाउँपालिका, रूकुमकोटमा २०७८ फागुन ९ गते आयोजना गरेको सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रममा मैनालीले सो कुरा बताउनु भएको हो ।

सो क्रममा नेपाल तथा विश्वमा भएका सूचनाको हकको कानुनी व्यवस्था तथा व्यावहारिक प्रयोगका विषयमा चर्चा गर्दै सूचना आयुक्त मैनालीले सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न, हुलाक, इमेल, फ्याक्सबाट पनि सूचना माग गर्न सकिने विषय उल्लेख गर्नुभयो ।

सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीलाई अनिवार्य रूपमा इमेल चेक गर्न, ३/३ महिनामा स्वतः प्रकाशन गर्न, सूचना माग गरेको, सूचना दिएको, सूचना दिन इन्कार गरिएको तथा उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरू समेटी छुट्टै रजिष्ट्रर राख्न अनुरोध गर्दै सूचना आयुक्त मैनालीले यस्ता कार्यको प्रतिवेदन मासिक रूपमा जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न अनुरोध गर्नुभयो । सूचना मागकर्ता नागरिक सूचना माग गर्न आउँदा सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन हुने तथा भएका सूचनाको हकसम्बन्धी क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउन सूचना आयुक्त मैनालीले अनुरोध गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्रवाह नगरिने सूचनाबारे विस्तृत रूपमा उल्लेख गर्नुभयो । प्रत्येक सार्वजनिक निकायले अनिवार्य रूपमा सूचना अधिकारी तोक्नु पर्नेमा जोड दिंदै सचिव पाण्डेले कुनै सार्वजनिक निकायले आवश्यक महसुस गरेमा सूचना शाखाको व्यवस्था गर्न सकिने बताउनु भयो । सचिव पाण्डेले सूचना मागकर्ता नागरिकले माग गरेको सूचना सम्भव भएसम्म मागेकै स्वरूपमा उपलब्ध गराउनु पर्ने र त्यस्तो नभएको अवस्थामा सार्वजनिक निकायका सूचना

‘गाउँपालिकाको खर्च विवरण नियमित सार्वजनिक गर्न आवश्यक’

अधिकारी र कार्यालय प्रमुखविरूद्ध राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सकिने उल्लेख गर्नुभयो ।

जिल्ला समन्वय समितिका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि गजेन्द्रबहादुर ओलीले सूचनाको हकले लोकतन्त्रलाई मजबुत र बलियो बनाई सुशासन कायम गर्न मद्दत पुऱ्याउने भएकोले यसको प्रयोग र कार्यान्वयनका लागि नागरिक सक्रियता अझै आवश्यक रहेको बताउनु भयो । सूचनाको हकबाटै आमनागरिकका जनसरोकारका विषयहरूको बारेमा चासो र जिज्ञासाको समाधान हुने भएकोले यसलाई बलियो रूपमा कार्यान्वयन गर्दै लैजाउनुपर्ने बताउँदै जिसस प्रमुख ओलीले स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी समुदाय र समूहहरूसँग अन्तरक्रिया गर्न पाएको भए स्थानीय तहका गुनासाहरू कम हुने सक्ने बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी कृष्ण खड्काले सूचनादाताले सूचना लुकाउने प्रवृत्ति हटाउनुपर्ने, सूचना मागकर्ताले पूर्वाग्रहरहित तवरले सूचना माग गर्नुपर्ने उल्लेख गर्दै जिल्लामा रहेका सार्वजनिक निकायलाई सूचनाको हक कार्यान्वयन सम्बन्धमा कुनै समस्या भए प्रमुख जिल्ला अधिकारीको हैसियतबाट पूर्ण सहयोग रहने प्रतिबद्धतासहित सूचना मागकर्ताको सुरक्षाको सुनिश्चित गरिने बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, रूकुम पूर्वका अध्यक्ष लक्ष्मण के.सी.ले सूचनाको हक सञ्चारकर्मीको मात्र नभई नागरिकको अधिकार भएकोले सूचनाको हकबारे सर्वसाधारणलाई

प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । कतिपयले व्यक्तिगत रिसइविका कारणमात्र सूचना माग गर्ने गरेको बताउँदै के.सी.ले सूचना माग गर्दा उक्त सूचनाको असरको पनि ख्याल गर्नुपर्ने तथा प्राप्त सूचनामा सर्वसाधारणले प्रष्ट बुझिने स्पष्ट भाषा प्रयोग भएको हुनुपर्नेजस्ता विषयहरू राख्नुभएको थियो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षता र जिल्ला समन्वय समितिका प्रमुख गजेन्द्रबहादुर ओलीको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा जिल्ला समन्वय समिति रूकुम पूर्वकी उपप्रमुख भीमकुमारी पुन, पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष ओमप्रकाश घर्ती, भुमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढा, सिस्ने गाउँपालिकाका अध्यक्ष कुमारी बराल गौतम र उपाध्यक्ष गोवर्द्धन बुढा क्षितिज, प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर खड्कालगायतका अतिथिहरूको उपस्थिति थियो । कार्यक्रमका सहभागीहरूलाई आयोगका उपसचिव विश्वबन्धु पौडेलले स्वागत गर्दै सूचनाको हकसम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरूलाई एउटै थलोबाट सम्बोधन गर्नु कार्यक्रमको उद्देश्य रहेको बताउनु भयो । कार्यक्रममा विक्रम परियार, दीपक आचार्य, रबिन वि.क. लगायतका सहभागीहरूले सूचनाको हकको प्रयोग र प्रचलनका बारेमा जिज्ञासासहित सुझाव राख्नु भएको थियो ।

सञ्चारकर्मी सर्जना कार्कीले सञ्चालन गर्नुभएको कार्यक्रममा जिल्लास्थित जनप्रतिनिधि, सरकारी तथा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी तथा नागरिकका लागि आयोजित सो कार्यक्रममा सरोकारवालाहरूको उत्साहजनक सहभागिता रहेको थियो । ◆

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले आठराई गाउँपालिकाका अध्यक्ष मानबहादुर लिम्बु, प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर आङदेम्बे, सूचना अधिकारी र कर्मचारीहरू तथा तेन्हथुम जिल्ला पत्रकार महासंघका अध्यक्ष अमृत बास्तोलासँग २०७८ फागुन २३ गते आठराई गाउँपालिकाको कार्यालयमा सूचनाको हकको कार्यान्वयनका विषयमा छलफल गर्नुभयो ।

सो अवसरमा गाउँपालिकाका अध्यक्ष लिम्बुले गाउँपालिका सूचनाको हकप्रति प्रतिबद्ध रहेको बताउँदै यसका लागि आफूले राष्ट्रिय सूचना आयोगबाट सकारात्मक सहयोगको अपेक्षा गरेको बताउनु भयो ।

आयोगका प्रमुख आयुक्त गुरूङ्गले स्थानीय तहका क्रियाकलाप बढ्दै जाँदा त्यसप्रति नागरिकको चासो र जिज्ञासा बढ्दै जानु स्वाभाविक रहेको उल्लेख गर्दै सूचना नपाएको भन्दै राष्ट्रिय सूचना आयोगमा परेका पुनरावेदनमध्ये स्थानीय तहसँग सम्बन्धित पुनरावेदनको सङ्ख्या अत्यधिक रहेको नै बढी रहेको बताउनु भयो । सूचनाको हक नागरिकलाई बलियो र समृद्ध बनाउने शासन प्रणालीमा सहभागी बनाउने महत्वपूर्ण माध्यम भएको विचार व्यक्त गर्दै प्रमुख आयुक्त गुरूङ्गले गाउँपालिकाका क्रियाकलाप तथा खर्च नियमित रूपमा सार्वजनिक गर्दै जाँदा सूचना माग्नै नपर्ने अवस्था बनाउन सकिने हुँदा ती विषय नियमित रूपमा सार्वजनिक गर्न, पारदर्शिता कायम गर्न र स्वतः प्रकाशन गर्न अनुरोध गर्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा सूचना अधिकारीले सूचना मागकर्ताबाट ५ बर्ष अघिदेखिका सबै विलभरपाइको प्रतिलिपि माग गर्ने निवेदन प्राप्त भएको तथा कतिपयले सूचना मागकर्ताले सूचनाको हकजस्तो संवैधानिक हकलाई अन्य विषयसँग जोडेर सूचना माग गरी गलत फाइदा लिन खोजेको अनुभूति आफूलाई भएको बताउँदै सम्बन्धित गाउँपालिकाभन्दा धेरै टाढा जिल्लाका सूचना मागकर्ताले सूचना माग गर्नु सान्दर्भिक नदेखिएकोले यसबारे आयोगको ध्यानाकर्षण हुनुपर्ने बताउनु भयो । ◆

'सूचनाको अधिकारलाई सम्मान गर्न राजनीतिक नेतृत्व चुक्न नहुने'

राष्ट्रिय सूचना आयोगको आयोजनामा कर्णाली प्रदेशको रूकुम पश्चिम जिल्लाको सदरमुकाम मुसिकोटमा सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम २०७८ फागुन १० गते सम्पन्न भयो । जिल्लास्थित सरकारी तथा सार्वजनिक निकायका जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, नागरिक र समुदायका लागि आयो उक्त कार्यक्रममा मुसिकोट नगरपालिकाका नगर प्रमुख देविलाल गौतमको प्रमुख आतिथ्यता र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रम सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई संवैधानिक हकका रूपमा स्थापित गर्न भएको सङ्घर्षबारे उल्लेख गर्दै नेपाल तथा विश्वमा भएका सूचनाको हकको कानुनी व्यवस्था तथा व्यावहारिक प्रयोगका विषयमा चर्चा गर्नुभयो । नागरिकलाई बलियो बनाउन सूचनाको अधिकार सशक्त माध्यम भएको विश्वव्यापी उदाहरणहरू प्रस्तुत गर्दै सूचना आयुक्त मैनालीले सूचनाको अधिकारलाई सम्मान गर्न राजनीतिक नेतृत्व चुक्न नहुने बताउनु भयो ।

सूचनाको हकको प्रचलन र प्रबर्द्धनका लागि राष्ट्रिय सूचना आयोगबाट भएका प्रयासहरूबारे चर्चा गर्दै सूचना आयुक्त मैनालीले सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न, हुलाक, इमेल, फ्याक्सबाट पनि सूचना माग गर्न सकिने बताउनु भयो ।

सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारको सम्मान गर्न सकेमात्र सुशासन कायम हुन सक्ने र सुशासन कायम भए लोकतन्त्रका लागि पटक-पटक सङ्घर्ष गरिरहनु पर्ने अवस्था नआउने उल्लेख गर्दै नागरिकलाई बलियो बनाउने हतियार सूचनाको हकको सबैले सम्मान गर्नु पर्नेमा सूचना आयुक्त मैनालीले जोड दिनु भयो । सूचना माग गरेको, सूचना दिएको, सूचना दिन इन्कार गरिएको तथा सूचनाका प्रवाहमा आएको अवरूद्धताबारे परेका उजुरीका विषयलाई छुट्टै रजिष्ट्रर राखी अभिलेखबद्ध गर्न र यसको प्रतिवेदन मासिक रूपमा जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन तथा सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न सूचना आयुक्त मैनालीले अनुरोध गर्नुभयो । सूचना मागकर्ता नागरिक सूचना माग गर्न आउँदा सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन हुने तथा भएका सूचनाको हकसम्बन्धी क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउन पनि सूचना आयुक्त मैनालीले अनुरोध गर्नुभयो ।

कार्यक्रममा आयोगका सचिव भागीरथ पाण्डेय कार्यपत्र प्रस्तुत गर्दै प्रवाह नगरिने सूचनाबारे विस्तृत रूपमा उल्लेख गर्नुभयो । प्रत्येक सार्वजनिक निकायले अनिवार्य रूपमा सूचना अधिकारी तोक्नु पर्नेमा जोड दिंदै सचिव पाण्डेले कुनै सार्वजनिक निकायले आवश्यक महसुस गरेमा छुट्टै सूचना शाखाको व्यवस्था गर्नसमेत सक्ने बताउनु भयो । सूचना मागकर्ताले मागेको सूचना सम्भव भए तत्काल र नभए १५ दिनभित्र दिनु पर्ने तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टाभित्र उपलब्ध गराउनु पर्ने कानुनी प्रावधानबारे स्पष्ट पार्दै सचिव पाण्डेले सूचना

मागकर्ता नागरिकले माग गरेको सूचना सम्भव भएसम्म मागेकै स्वरूपमा उपलब्ध गराउनु पर्ने र त्यस्तो नभएको अवस्थामा सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखविरूद्ध राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सकिने उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा मुसिकोट नगरपालिकाका नगर प्रमुख देविलाल गौतमले संविधानमा नै मुलुकलाई समाजवादतर्फ लैजाने भन्ने उल्लेख भएको हुनाले नागरिकलाई बलियो नबनाई समाजवाद निर्माण गर्न नसकिने भएकोले सशक्त नागरिक बनाउन सूचनाको हकको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । नगर प्रमुख गौतमले सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउनेमात्र नभई समाजवादको आधार निर्माण गर्न मद्दत पुग्ने भएकोले यसको प्रयोग र कार्यान्वयनका लागि नागरिक सक्रियताको आवश्यकतामा जोड दिंदै स्थानीय जनतामाझ सूचनाको हकको महत्वबारे व्यापक चेतना फैलाउनु पर्ने बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी परमानन्द घिमिरेले रूकुम पश्चिम जिल्लामा सूचनाको हकको पूर्ण कार्यान्वयन गराउन प्रतिबद्धता व्यक्त गर्दै सूचना मागकर्ताले पनि आफूलाई आवश्यक परेको सूचना मात्र माग गरेको खण्डमा सूचना समयमै प्राप्त गर्न सहजता हुने बताउनु भयो । जिल्लास्थित सबै सार्वजनिक निकायहरूले ३/३ महिनामा स्वतः प्रकाशन गरे आमनागरिक सुसूचित हुने तथा त्यस्तो अवस्थामा सूचना माग गर्नु पर्ने वातावरण नै सिर्जना नहुने बताउँदै जिल्लास्थित सूचना अधिकारी र कार्यालय प्रमुखहरूको बैठक समयमै राखी सूचनाको हकको कार्यान्वयनका लागि निर्देशन दिने गरेको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, रूकुम पश्चिमका अध्यक्ष लक्ष्मण के.सी.ले सूचनाको हक सञ्चारकर्मीको मात्र नभई नागरिकको अधिकार भएकोले सूचनाको हकबारे सर्वसाधारणलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । सूचनाको हक सञ्चारकर्मीको मात्र नभई नागरिकका लागि व्यवस्था भएको संवैधानिक हक भएकोले यसको प्रयोग र प्रचलनमा नागरिक जागरूक बन्नु पर्नेमा जोड दिनुभयो । सूचना माग गर्दा उक्त सूचनाको असरको पनि ख्याल गर्नुपर्ने बताउँदै सार्वजनिक निकायबाट प्रदान गरिने सूचनामा सर्वसाधारणले स्पष्ट बुझ्ने भाषा प्रयोग भएको हुनुपर्ने बताउनु भयो ।

अर्थमन्त्री जनार्दन शर्माका प्रेसविज्ञ गोविन्द रोका 'सचिन', जिल्ला समन्वय समिति, रूकुम पश्चिमका उपप्रमुख इन्दिरा वि.एम., नेपाल पत्रकार महासंघ रूकुम पश्चिमका अध्यक्ष लक्ष्मण के.सी., नेपाल पत्रकार महासंघ रूकुम पश्चिमका पूर्वअध्यक्ष गणेश वि.क. 'चिन्तन', नेपाल पत्रकार महासंघ सल्यानका अध्यक्ष नवीन पौडेल अतिथि रहनु भएको थियो ।

कार्यक्रममा भूपालसिं विष्ट (प्रमुख प्रशासकीय अधिकृत, सानीभेरी गापा), रूद्रप्रसाद पन्थी (न्यायाधीवक्ता, जिल्ला अदालत रूकुम पश्चिम), राजेन्द्र वि.सी. (कार्यालय प्रमुख जिल्ला हुलाक कार्यालय, रूकुम पश्चिम), जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिमका प्रहरी निरीक्षक तथा सूचना अधिकारी डेकेन्द्र शर्मा, नेपाल बार रूकुम पश्चिमका अध्यक्ष गणेश हमाललगायतले सूचनाको हकको प्रयोग, प्रचलनबारे जिज्ञासासहित आयोगलाई सुझाव राख्नु भएको थियो ।

सञ्चारकर्मी दीपेन्द्र महतराले सञ्चालन गर्नुभएको कार्यक्रमका सहभागीलाई राष्ट्रिय सूचना आयोगका उपसचिव विश्वबन्धु पौडेलले स्वागत गर्दै कार्यक्रम आयोजना गर्नुको उद्देश्यबारे स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा जनप्रतिनिधि, सरकारी तथा सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी तथा नागरिकका लागि आयोजित सो कार्यक्रममा सरोकारवालाहरूको उत्साहजनक सहभागिता रहेको थियो । ◆

सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे आयोगबाट अनुगमन

सूचनाको हकको कार्यान्वयनको वस्तुगत अवस्थाबारे राष्ट्रिय सूचना आयोगबाट केही जिल्लामा पाल्पा, रसुवा र तनहुँ जिल्लास्थित विभिन्न सार्वजनिक निकायमा अनुगमन भएका छन् ।

पाल्पा जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला हुलाक कार्यालय, तानसेन नगरपालिका, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा कृषि ज्ञान केन्द्रमा गरिएको अनुगमनका क्रममा ती निकायमा सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइएको छ ।

त्यस्तै रसुवा जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला हुलाक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, लाङटाङ राष्ट्रिय निकुञ्ज, नेपाल टेलिकम, जिल्ला सरकारी वकिल कार्यालय, नेपाल विद्युत प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ तथा जिल्ला निर्वाचन कार्यालयमा अनुगमन कार्य भएको थियो । उल्लेखित सबै निकायहरूले सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइएको छ ।

तनहुँ जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला हुलाक कार्यालय, जिल्ला निर्वाचन कार्यालय, व्यास नगरपालिका तथा पूर्वाधार विकास कार्यालयमा गरिएको अनुगमनका क्रममा ती निकायबाट पनि सूचना अधिकारी तोकेको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण प्रकाशन गरेको पाइएको छ ।

कर्मचारीको सरुवा

यस आयोगमा २०७६ साउनदेखि कार्यरत नायव सुब्बा देवबहादुर घिमिरे नेपाल प्रशासन सेवाको राजश्व समूहमा शाखा अधिकृत पदमा नयाँ नियुक्ति हुनुभई २०७८ माघ २७ मा आयोगबाट रमाना लिई भन्सार विभागमा हाजीर हुन जानु भयो भने २०७६ साउन २२ देखि कार्यरत अर्का नायव सुब्बा विदुर आचार्यको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा अन्तर्गत सरूवा भएकोले उहाँ पनि २०७८ माघ २७ मा रमाना लिई सरूवा भएको मन्त्रालयमा हाजीर हुन जानु भएको छ ।

‘सूचनाको हकको प्रयोगले राज्यलाई भ्रष्टाचारमुक्त बनाउन सकिने’

बाजुरा जिल्लाको बुढीनन्दा नगरपालिकामा २०७८ साल चैत ४ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त कमला ओलीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा बुढीनन्दा नगरपालिकाका उपमेयर सृष्टि रेग्मीको अध्यक्षतामा रहेको थियो । १० वटा वडा रहेको उक्त पालिकामा सबै वडाका प्रतिनिधि, सार्वजनिक निकायका सूचना अधिकारी, पत्रकार साथै विभिन्न संघ/संस्था, सुरक्षा निकायलगायत नागरिक समाजको सो कार्यक्रममा सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका आयुक्त कमला ओलीले सूचनाको हक के हो ? किन आवश्यक छ ? यसको उपयोग नागरिकले कसरी गर्नुपर्छ ? सूचना प्राप्त गर्दा अपनाउने विधि, आयोगको परिचय, आयोगको काम, कर्तव्य र अधिकार तथा हालसम्म आयोगले गरेका काम/कारबाहीका विषयमा चर्चा गर्नु भएको थियो । सार्वजनिक निकायको काम, कर्तव्य, अधिकार साथै सूचना अधिकारीले खेल्नुपर्ने भूमिकाको बारेमा सूचना आयुक्त ओलीले विस्तृत रूपमा बताउनु भएको थियो ।

सो कार्यक्रममा मेयर पदम गिरीले सूचनाको हकको बारेमा धेरैले नबुझेको बताउँदै यो एउटा सरकारलाई पारदर्शी बनाई आफू स्वयम् सचेत रहने माध्यम भएकोले सबैले यसको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । उपमेयर सृष्टि रेग्मीले बाजुराजस्तो विकट जिल्लाको पनि विकट क्षेत्रका नागरिकलाई सूचनाको हक र यसको महत्वबारे सचेत गराउने प्रयास गरेकोमा राष्ट्रिय सूचना आयोगलाई धन्यवाद दिंदै सूचनाको हकको प्रयोगले राज्यलाई चनाखो र भ्रष्टाचारमुक्त बनाउन सकिने र त्यस क्षेत्रका महिलालाई यस विषयमा केही थाहा नभएकोले आयोगले फेरि पनि आएर बृहत् कार्यक्रम गरिदिन आग्रह गर्नु भयो । कार्यक्रममा प्रदीप जोशी (न्यायिक समितिका सदस्य), जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र कुमार रोकायाले पनि मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा बडिमालिका अनलाइनका पत्रकार प्रकास सिंहले सूचना माग्न भएको कठिनाइका साथै सार्वजनिक निकायमा सूचना दिन्छुभन्दा पनि कहीं कतै कम्प्युटर/बिजुली र इन्टरनेटको सहज व्यवस्था नभएका कारणले सूचना प्राप्त गर्न ढिलो हुने गरेको बताउनु भयो । पत्रकार कृष्ण ओलीले इन्टरनेटबाट सूचना दिन लिने कारणले धेरै सहज भएकोले यसलाई अझ सरल बनाउन अयोगले भूमिका खेल्नु पर्ने सुझाव दिनुभयो । अन्य सहभागीहरूले पनि सूचनाको हक पहिला नबुझेको र यो कार्यक्रमबाट यसबारे बुझ्न मद्दत मिलेको बताएका थिए । सो कार्यक्रमको सञ्चालन न्यायिक समितिका सदस्य नन्दलाल सार्कीले गर्नुभएको थियो । ◆

‘नागरिकले जुनसुकै विषयमा सूचना माग गर्न पाउँछन्’

राष्ट्रिय सूचना आयोगको आयोजनामा प्रदेश नम्बर १ को इलाम जिल्ला स्थित माई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरूका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८ फागुन २२ गते सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले अध्यक्षता गर्नु भएको सो कार्यक्रममा नगरपालिकाका मेयर दिपक प्रसाद थेवे प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै मेयर थेवेले सूचनाको हक लोकतन्त्रको मेरूदण्ड भएको बताउँदै सूचनाको हकप्रति नगरपालिकाको प्रतिबद्धता व्यक्त गर्नुभयो । मेयर थेबेले सूचनाको हक मागकर्ताले जथाभावी सूचना माग गर्ने, सूचना माग गर्ने बहानामा अनावश्यक दुःख दिन खोज्ने, सामाजिक सञ्जालमा जथाभावी गाली गर्ने तथा इमान्दारीपूर्वक गरेको काममा पनि शङ्का गर्ने, समाचार गलत मनसायबाट बङ्ग्याउने गरिएको हुँदा सूचनाको हकसम्बन्धी कानुनमा परिमार्जन आवश्यक रहेको बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सूचनाको हकले लोकतान्त्रिक पद्धति स्थापनापश्चात्

मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चात्को संविधान सभाका जनप्रतिनिधिहरूले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हकसम्बन्धी कानुनको आवश्यकता महसुस गरी सो कानुन ल्याइएको बताउनुभयो । विश्वका १ सय २९ भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको सन्दर्भ उल्लेख गर्दै नेपालमा पनि सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न आवश्यक ठानी सूचनाको हकसम्बन्धी कानुन आएको हुँदा सबै जिम्मेवार नागरिकले यसको प्रबर्द्धन एवम् सम्बर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सबै सूचना माग गर्न पाउने भए पनि सार्वजनिक निकायले दिन मिल्ने/नमिल्ने कानुन हेरी निर्णय गर्नुपर्ने धारणा राख्दै प्रमुख आयुक्त गरूङ्गले सूचना माग गर्नुलाई दुःख दिने नियत भन्न उपयुक्त नहुने बताउनु भयो ।

नागरिक अधिकारको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलब्ध गराउनु पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्नु पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वतः प्रकाशन तथा सार्वजनिकीकरणमा जोड दिनु पर्ने, खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्ने बताउँदै सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्नु पर्ने, पत्रकार सम्मेलनका माध्यमबाट सबै जानकारी गराइरहनु पर्ने जस्ता सुझावहरू प्रमुख आयुक्त गुरूङ्गले राख्नु भएको थियो । सामाजिक सञ्जालको आलोचना गर्नुभन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने गरी सार्वजनिक हुने व्यवस्था गर्नु पर्ने, हरेक सार्वजनिक निकायले निर्णयहरू तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेबसाइट सधैं अद्यावधिक गर्नु पर्नेजस्ता विषय उल्लेख गर्दै प्रमुख आयुक्त गुरूङ्गले पर्याप्त सूचना प्रवाह गर्न निर्देशन दिनुभयो । कार्यक्रममा सहभागीहरूबाट राखिएका जिज्ञासाको पनि प्रमुख आयुक्त गुरूङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हकका बारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयहरूमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले खर्चको विवरण जोसुकैले माग्दा दिन पर्ने कि नपर्ने ? जे पनि माग्न पाइने हो कि होइन ? कति समय अगाडिसम्मको सूचना दिनु पर्ने हो ? सूचना माग गर्दा पत्रकारले के उद्देश्य उल्लेख गर्ने हो ? विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउँदा शुल्क नलाग्ने वा कम लाग्ने हुनुपर्ने माग आएको सन्दर्भमा के गर्ने ? दुरूपयोग हुने आशङ्का हुँदा के गर्ने ? युट्युव र फेसवुकमा जथाभावी लेख्नेलाई के गर्ने ? सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने ? जस्ता जिज्ञाशा तथा सूचनाको हकसम्बन्धी कानुन नै संसोधन गर्नु पर्ने हो कि ? भन्ने जिज्ञासासहितका सुझाव राख्नु भएको थियो ।

माई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । ◆

'सूचनादाताले उठाएका कतिपय सवालप्रति आयोग सम्बेदनशील'

राष्ट्रिय सूचना आयोगको आयोजनामा प्रदेश १ को पाँचथर जिल्ला सदरमुकाम फिदिममा जिल्लाका जनप्रतिनिधि, सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८ फागुन २३ गते सम्पन्न भयो । जिल्ला समन्वय समिति (जिसस) पाँचथरका प्रमुख विष्णु प्रसाद सापकोटा प्रमुख अतिथि रहनुभएको सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले गर्नुभएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै पाँचथर जिल्ला समन्वय समितिका प्रमुख विष्णु प्रसाद सापकोटाले सूचनाको हक लोकतन्त्रको महत्वपूर्ण हक भएको विचार व्यक्त गर्दै जिल्ला समन्वय समितिको सूचनाको हकप्रति प्रतिबद्धता व्यक्त गर्नुभयो । सार्वजनिक निकायका साथीहरूले उठाएका विषयमा आयोग सम्बेदनशील हुनुपर्ने सुझाव जिसस प्रमुख सापकोटाले राख्नु भयो । सूचनाको हकको प्रबर्द्धनमा सबै लाग्नु पर्ने बताउँदै प्रमुख सापकोटाले आयोगले पाँचथरमा कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गले सूचनाको हक लोकतान्त्रिक पद्धति स्थापनापश्चात्मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चात्को संविधान सभाका जनप्रतिनिधिहरूले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हकसम्बन्धी कानुनको आवश्यकता महसुस गरी कानुन ल्याएको बताउनु भयो । विश्वका १ सय २९ भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको बताउँदै प्रमुख सूचना आयुक्त गुरूङ्गले सुशासन, जवाफदेहिता तथा पारदर्शिताका लागि सूचनाको हकको महत्व अझ बढी रहेको उल्लेख गर्नुभयो । नागरिकले सबै प्रकारका सूचना माग गर्न पाउने भएकोले दिन मिल्ने र नमिल्ने कानुन हेरी सार्वजनिक निकायले निर्णय गर्नुपर्ने धारणा राख्दै प्रमुख आयुक्त गुरूङ्गले सूचना माग गर्नुलाई दुःख दिने नियत भन्न उपयुक्त नहुने बताउनुभयो । नागरिक अधिकारको सम्मान गर्दै माग गरेको सूचना समयमै उपलब्ध गराउनु पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्नु पर्ने अझ नागरिकलाई सूचना माग गर्न आउनै नपर्ने वातावरण बनाउन स्वतः प्रकाशन तथा सार्वजनिकीकरणमा जोड दिनु पर्नेमा प्रमुख सूचना आयुक्त गुरूङ्गले जोड दिनुभयो । सार्वजनिक निकायले खर्चको विवरण मासिक रूपमा सार्वजनिक गरेर, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गरेर र पत्रकार सम्मेलनका माध्यमबाट सबै जानकारी गराएर सूचना प्रवाहलाई सहज बनाउन सकिने तथा स्थानीय तहहरूलाई सूचनाको हकका लागि पर्याप्त बजेट विनियोजन गर्नका लागि प्रमुख सूचना आयुक्त गुरूङ्गले सुझाव दिनु भयो ।

सामाजिक सञ्जालको आलोचना गर्नुभन्दा सार्वजनिक निकायले सदुपयोग गर्न, सार्वजनिक निकायका निर्णयहरू तत्काल

लाल आयोगको प्रतिवेदन उपलब्ध गराउन राष्ट्रिय सूचना आयोगको आदेश

राष्ट्रिय सूचना आयोगले तराई, मधेश र थरूहटलगायतका आन्दोलनबारे छानविन गर्न गठित आयोग- २०७३ को प्रतिवेदन सरोकारवालाई उपलब्ध गराउन नेपाल सरकारलाई आदेश दिएको छ । रूपन्देही जिल्ला, मायादेवी गाउँपालिका- ६ निवासी शशिधर पाण्डेयसमेतका पुनरावेदकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमक्ष तराई, मधेश र थरूहटलगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएका घटनाहरूको छानबीन गर्न गठित उच्चस्तरीय छानबीन आयोग, २०७३ को प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना नपाएपछि २०७४ पुन २८ गते राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नु भएको थियो । सो सम्बन्धमा आवश्यक प्रक्रिया कानुनी प्रक्रिया पूरा गरेपछि २०७८ फागुन ५ गते बसेको आयोगको इजलाशले पुनरावेदकले माग गरेको सूचना ६० दिनभित्र उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिवका नाममा सो आदेश गरेको हो ।

पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा २७ अनुसार वर्गीकरणभित्र समावेश नभएको, सार्वजनिक सरोकारको विषयमा नागरिकले माग गरेको सूचनाका बारेमा अन्तिम निर्णय गर्ने कानुनतः

सार्वजनिक गर्न, वेबसाइट नियमितरूपमा अद्यावधिक गर्न तथा पर्याप्त सूचना प्रवाह गर्न निर्देशन पनि प्रमुख आयुक्त गुरूङ्ले सो अवसरमा दिनुभयो । सूचना प्रदानकर्ताका समस्याप्रति आयोग सम्वेदनशील रहेको र समस्या सुल्झाउन तत्पर रहेको पनि विचार व्यक्त गर्दै सहभागीका तर्फबाट उठेका जिज्ञासाहरूको पनि प्रमुख आयुक्त गुरूङ्ले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव भागिरथ पाण्डेयले सूचनाको हकका बारेका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयसहित कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेश न्यौपाने ले लोकतान्त्रिक पद्धतिको विकाससँगै मौलिक हकहरूको व्यवस्था हुँदै गएको र सूचनाको हक प्रबर्द्धनमा पाँचथर जिल्लाका सार्वजनिक निकायहरू प्रतिबद्ध रहेको विचार व्यक्त गर्दै प्रत्यक महिना सूचना अधिकारीको बैठक तथा तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको बताउनु भयो ।

कार्यक्रममा सहभागीबाट सार्वजनिक निकायमा बजेट कम हुने कारणबाट सूचना उपलब्ध गराउन बाधा पुग्ने गरेको, खर्चको विवरण जोसुकैले माग गर्दा दिनु पर्ने कि नपर्ने ? जे पनि माग्न पाइने हो कि होइन ? वेबसाइटमा रहेको सूचना पनि माग्ने गरेको, सूचना अधिकारीको कार्यबोझका कारण समस्या भएको, क्षमता विकास पनि गर्न नपाइएको, वडा तहसम्मको निर्णयको प्रतिलिपि माग्ने गरिएको, इमेलबाट प्राप्त सूचना माग आधिकारिक हो कि होइन ? छुट्याउन मुश्किल भएको, निकायमा अभिलेख व्यवस्थापन राम्रो नभएको कारणबाट समस्या भएको, संस्थागत स्मरण नभएकोले पनि मुश्किल भएको, कति समय अगाडिसम्मको सूचना दिनु पर्ने हो ? अन्य जिल्लाका नागरिकले पाँचथर जिल्लाका निकायको सूचना किन माग गर्ने ? छुट्टै सूचना अधिकारीको व्यवस्था हुनु पर्ने, कर्मचारीको अभावमा सूचना समयमा उपलब्ध गराउन बाधा पुग्ने गरेको, सूचना माग गर्ने गिरोह नै पो छन् कि ? सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने ? जस्ता जिज्ञाशा तथा सूचनाको हकसम्बन्धी कानुन नै संशोधन गर्नु पर्ने हो कि भन्ने सुझाव पनि प्रकट भएको थियो ।

कार्यक्रमको सञ्चालन आयोगका उपसचिव कपिल प्रसाद उपाध्याय र स्वागत मन्तव्य आयोगका अर्का उपसचिव सीता निरौलाले गर्नु भएको थियो । ◆

आयोगको क्षेत्राधिकारभित्र पर्ने विषय भएको, उपलब्ध गराउनु पर्ने सूचना प्रक्रियागत रूपमा निर्णय गरी तोकिएको समयभित्र उपलब्ध गराउने दायित्वबाट सार्वजनिक निकाय पञ्छिन नमिल्ने तथा नेपाल सरकारले कुनै घटना भएपश्चात् छानविन गर्न गठन गरेको छानविन समितिले दिएको प्रतिवेदन स्वाभाविक रूपमा सार्वजनिक सरोकारको विषय भएकोले सूचना उपलब्ध गराउनु पर्ने आयोगको आदेशमा उल्लेख छ ।

कुनै पनि नेपाली नागरिकले सार्वजनिक सरोकारको विषयमा चासो राख्न पाउने र थाहा पाउन सक्ने कानुनी व्यवस्थाबारे स्मरण गराउँदै सार्वजनिक निकायले त्यस्ता सूचना उपलब्ध नगराउँदा, सूचना लुकाउन खोज्दा त्यस्तो सूचना उपलब्ध गराउन आदेश गर्न सक्ने अधिकारसहित सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोग गठन भएको हुँदा प्रस्तुत विषयमा सूचना दिन आदेश गर्न पाउने अधिकार आयोगसँग रहेको जिकिर गर्दै

> “
> २०७४ पुन २८ गते राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नु भएको थियो । सो सम्बन्धमा आवश्यक प्रक्रिया कानुनी प्रक्रिया पूरा गरेपछि २०७८ फागुन ५ गते बसेको आयोगको इजलाशले पुनरावेदकले माग गरेको सूचना ६० दिनभित्र उपलब्ध गराउन नेपाल सरकारका मुख्य सचिवका नाममा सो आदेश गरेको हो ।

संयुक्त सरकारको साझा न्यूनतम् कार्यक्रमको बुँदा २.५ को उपबुँदा ४ मा समेत लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने भनी प्रतिबद्धता व्यक्त भएकोले वर्तमान सरकारसमेत लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न तयार छ भन्ने विषय सार्वजनिक भएको आयोगको आदेशमा उल्लेख गरिएको छ । यस्तो अवस्थामा प्रस्तुत प्रतिवेदन सूचना मागकर्तालाई उपलब्ध गराउन बाधा रहेको नदेखिने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्चस्तरीय छानबीन आयोग, २०७३ को प्रतिवेदन ६० दिनभित्र उपलब्ध गराउनू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुख, मुख्य सचिवका नाममा यो आदेश जारी गरिएको छ । ◆

सूचनाको हकको मापन विकास : आयुक्त ओली

खोटाङ जिल्लाको दिक्तेलमा सूचनाको हकसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम २०७८ चैत १३ गते सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगको आयोजनामा भएको उक्त कार्यक्रमको अध्यक्षता आयोगका सूचना आयुक्त कमला ओलीले गर्नुभएको थियो भने प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख बबि चाम्लिङ हुनुहुन्थ्यो । जिल्लाका राजनैतिक दल, कार्यालय प्रमुख, सूचना अधिकारीहरू, सञ्चारकर्मी तथा अभियन्ताका साथै सूचनाको हकसँग सरोकार राख्ने व्यक्तिहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि बबि चाम्लिङले गर्नु भएको थियो ।

कार्यक्रममा सूचना आयुक्त कमला ओलीले सूचनाको हकको महत्व, यसको उपयोग र फाइदाको विषयमा जनाकारी गराउँदै सम्पूर्ण जनता नजागी सूचनाको हक प्रयोगमा नआउने बताउनु भयो । सूचनाको हकलाई प्रयोगमा ल्याउन नसके सूचनाको हकसम्बन्धी ऐनको भावना र राज्यले सूचनाको हकको प्रयोग गर्न जनतालाई दिएको अधिकारको अर्थ नरहने बताउँदै सूचना आयुक्त ओलीले सार्वजनिक निकायलाई ऐनको भावना बुझेर सूचना दिन सहज र सरल बनाउने सुझाव दिनु भयो । सूचना आयुक्त कमला ओली थापाले प्रजातन्त्र, लोकतन्त्र भनेकै सूचनाको हकबाट मात्रै पूर्ण हुने हुँदा सूचनाको हकको प्रचलन नहुँदा यसको महत्व थाहा नहुने उल्लेख गर्दै सूचनाको हकको मापन विकाससँग रहने बताउनु भयो । सूचनाको हक र लोकतन्त्र एक अर्काका परिपूरक भएकोले जहाँ सूचनाको हक पूर्ण कार्यान्वन हुन्छ त्यहाँ लोकतन्त्र बलियो हुनेमा जोड दिंदै सूचना आयुक्त ओलीले संविधान र कानुनमा व्यवस्था भएअनुरूप हुलाक, इमेल, फ्याक्सबाट सूचना माग गर्न पाइने बताउनु भयो । अनिवार्य रूपमा इमेल चेक गर्न, ३/३ महिनामा स्वतः प्रकाशन गर्न, सूचना माग गरेको, इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेकाजस्ता विषय समेटी छुट्टै रजिष्ट्रर राख्ने व्यवस्था मिलाउन सूचना आयुक्त ओलीले निर्देशन दिनुभयो । यस्ता कार्यको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना

> अनिवार्य रूपमा इमेल चेक गर्न, ३/३ महिनामा स्वतः प्रकाशन गर्न, सूचना माग गरेको, इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेकाजस्ता विषय समेटी छुट्टै रजिष्ट्रर राख्ने व्यवस्था मिलाउन सूचना आयुक्त ओलीले निर्देशन दिनुभयो ।

आयोगमा पठाउने जस्ता विविध विषयहरू चर्चा गर्दै सहभागीहरूले उठाएका जिज्ञासाहरूको समाधानसहित सूचना आयुक्त ओलीले समापन मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष बबि चामलिङले कार्यक्रम आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिंदै सूचनाको हकको प्रचलनमा स्थानीय निकाय केही पछि परेको जिल्लाको अवस्था रहेको बताउँदै यस कार्यक्रममा पालिकास्तरको केही कम हुनुमा दुर्गम र विकटताको अवस्था रहेको कुरा जनाउनुभयो । सूचनाको हकबाटै आमनागरिकको सरोकारको विषयका बारेमा उठेका चासो र जिज्ञासाको समाधान हुने भएकोले यसलाई बलियो रूपमा कार्यान्वयन गर्दै लैजाउनुपर्ने, अझ स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहहरूसँग अन्तरक्रिया गर्ने पाएको भए स्थानीय तहका समस्याहरूको समाधन हुने थिए कि भन्ने धारणा चामलिङले व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा मन्तव्य राख्दै विकल श्रेष्ठले सूचनाको वर्गीकरण राज्यले छिटोभन्दा छिटो गरेको खण्डमा कस्ता प्रकृतिका सूचना उपलब्ध गराउने, कस्ता प्रकृतिका नगराउने विषयका द्विविधा हट्ने बताउँदै खोटाङ जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा स्वतः प्रकाशन गर्ने गरिएको र नगर्ने कार्यालयलाई आजैबाट स्वतः प्रकाशन गर्न गराउन निर्देशन दिनुभयो ।

आयोगका सचिव भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचना, सूचना अधिकारीको व्यवस्था आदिबारे उल्लेख गर्दै सचिव पाण्डेयले आवश्यक परेमा सार्वजनिक निकायले सूचना शाखाको व्यवस्था गर्न सक्ने बताउनु भयो । सम्भव भएसम्म सूचना मागकर्ताले मागेको सूचना तत्काल र नभए १५ दिनभित्र उपलब्ध गराउनु पर्नेलगायत सूचना हकसम्बन्धी कानुनी प्रावधान र आयोगका काम, कर्तव्य आदिबारे सचिव पाण्डेयले विस्तृतरूपमा उल्लेख गर्नुभएको थियो । आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे बताउनु भएको थियो । ◆

सूचना नदिने धरान उपमहानगरपालिकाका कार्यालय प्रमुखलाई जरिवाना

सूचना मागकर्ता नागरिकले आफ्नो सरोकारको विषयमा माग गरेको सूचना उपलब्ध नगराउने धरान उपहानगरपालिकाका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम रू. १०,०००/- (दश हजार) जरिवाना हुने ठहर गरेको छ ।

मोरङ जिल्ला, सुन्दर हरैचा- १० निवासी हेमचन्द्र घिमिरेले गरेको पुनरावेदनमाथि सुनुवाइका क्रममा धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लाई पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन आयोगले पटक-पटक आदेश र पत्राचार गर्दासमेत सूचना उपलब्ध नगराएकोले धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लाई सो कार्वाही गरिएको आयोगको आदेशमा उल्लेख छ ।

आयोगको २०७८ चैत १७ को इजलाशले दिएको आदेशमा भनिएको छ, 'नागरिकको संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक-पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैरजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको विकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधानप्रदत्त र कानुनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार मात्र) जरिवाना हुने ठहर्छ' ।

साथै सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिमधरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन तथा धरान उपमहानगरपालिकाका प्रमुख लक्ष्मी प्रसाद पौडेलले दिनु पर्ने सूचना बिनाकारण दिन ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो, प्रति दिन रू. २००।- (दुई सय) का दरले जरिवाना हुने ठहरसमेत आयोगले गरेको छ । ◆

३३ किलो सुनको प्रतिवेदन उपलब्ध गराउन गृह मन्त्रालयलाई आदेश

राष्ट्रिय सूचना आयोगले संगठित अपराध ऐन, २०७० को दफा १२ को प्रावधान बमोजिम नेपाल सरकारको २०७४ चैत्र २० को निर्णयानुसार ३३ किलो सुन लगायतका विषयमा गठित विशेष अनुसन्धान टोलीको प्रतिवेदन सार्वजनिक गर्न नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंका कार्यालय प्रमुखलाई आदेश दिएको छ ।

धादिङ जिल्ला, नीलकण्ठ न. पा.- ४ निवासी बालकृष्ण अधिकारीले आफूले माग गरेको सूचना उपलब्ध नगराएको भनी सो प्रतिवेदन उपलब्ध गराउन नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंका कार्यालय प्रमुखविरूद्ध २०७६ भदौ १६ मा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नु भएको थियो ।

पुनरावेदकले माग गरेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३)(क)(ख) र (घ) बमोजिम हाललाई सूचना उपलब्ध गराउन नसकिने भनी विपक्षीबाट जिकिर हुँदै आएको व्यवस्था अनुसार कुनै पनि अपराधको अनुसन्धान हुँदै गरेको अवस्थामा मात्र लागू हुने भएकोले प्रतिवेदनमा आधारित रहेर मुद्दाको अनुसन्धान तहकिकात सम्पन्न गरी अभियोजन भई जिल्ला अदालतबाट फैसलासमेत भइसकेको अवस्थामा उपदफा (३) को खण्ड (ख) पनि आकर्षित रही रहन सक्ने अवस्था नदेखिएको मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउन आयोगले आदेश गरेको जनाएको छ । सूचना मागकर्ताले माग गरेको प्रतिवेदन सूचना मागकर्तालाई उलब्ध गराउँदा वा सार्वजनिक गर्दा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने कुनै तथ्यगत प्रमाण तथा आधारसमेत विपक्षीले प्रस्तुत गरेको अवस्था नदेखिएको सन्दर्भमा भविष्यमा यस्तै प्रकारका अपराध नहुने अवस्था सिर्जना गर्न सघाउ पुग्ने भएको तथा यसरी गठन गरिएको अनुसन्धान टोलीले दिएको प्रतिवेदन सार्वजनिक गर्न कुनै कानुनले बाधा पर्ने नभई यसबाट यस्ता अपराध नियन्त्रण तथा रोकथाम गर्न सार्वजनिक निकायले गरेको कार्यको सकारात्मक प्रभाव पर्ने आयोगले ठहर गरेको छ । उक्त प्रतिवेदन गोप्य राखिरहँदा प्रतिवेदन मात्र नभई नेपाल सरकारप्रति नै विभिन्न आशङ्का उब्जिन सक्ने भएकोले सूचना मागकर्ताले माग गरेको सूचना ३० दिनभित्र उपलब्ध गराउन २०७८ पुस २९ गते बसेको आयोगको इजलाशले आदेश गरेको छ । ◆

नेपालमा सूचनाको हकको स्थितिबारे श्रीलङ्काका पत्रकारको चासो

प्रमुख सूचना आयुक्त महेन्द्र गुरूङ र आयुक्त रत्नप्रसाद मैनालीसँग २०२२ वैशाख १० गते आयोगको कार्यालय काठमाडौंमा श्रीलङ्काका तीनजना खोज पत्रकारले भेट गरेका छन् ।

vidiyal.lk का संस्थापक र प्रधान सम्पादक रिफ्थी अली, टिभी डेरानाका पत्रकार राहुल सामन्था हेत्तियारची र लियो निरोशा दर्शन, सहायक, विराकेसरीका समाचार सम्पादकले नेपालमा सूचना आयोगको कामका बारेमा थप जानकारी लिन प्रमुख आयुक्त र आयुक्तक्तसँग भेट गर्नुभयो । भेटमामा ग्लोबल मल्टिमिडिया पत्रकार तथा नेपाल खोज मल्टिमिडिया पत्रकारिता नेटवर्क (निमजेएन) का प्रमुख सम्पादक रजनीश भण्डारी पनि सहभागी हुनुहुन्थ्यो ।

सूचनाको हकको क्षेत्रमा नेपालमा भएको कानुनी व्यवस्था, व्यावहारिक अवस्था तथा राष्ट्रिय सूचना आयोगबाट भएका क्रियाकलापका बारेमा

श्रीलङ्काका पत्रकारहरूले जिज्ञासा राख्नु भएको थियो । प्रमुख सूचना आयुक्त गुरूङ्ले पत्रकारबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो । पत्रकारहरूले श्रीलङ्कामा सूचनाको हकको कानुनी व्यवस्था र व्यावहारिक अवस्थाबारे प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई जानकारी गराउन र नेपालमा सूचनाको हकको कानुनी र व्यावहारिक प्रयोगबारे बारे जानकारी पाएकोमा खुशी व्यक्त गरेका थिए ।

आयोगका बैठकका निर्णयहरु

बैठक नं. २६७(३)२७
मिति २०७८।११।०५

निर्णय

१. फिलिपिन्सको Presidential Communications Operation Office ले प्रस्ताव गरेको Asian Access to Information Alliance (AAIA) का सन्दर्भमा 28 Jan, 2022मा आयोजना गरेको भर्चुअल बैठकमा भएका छलफलका विषयहरू बारेमा आयोगका तर्फबाट सहभागी उपसचिव विश्वबन्धु पौडेलले आयोगमा जानकारी गराउनु भयो । प्रस्तावित AAIA को MOU मा माग गरिएको यस आयोगको प्रतिक्रियाका सन्दर्भमा थप छलफल तथा राय लिनु पर्ने देखिएकोले उपयुक्त समयमा निर्णय गर्ने ।

२. सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने उद्देश्यबाट सार्वजनिक निकायका लागि र सूचना मागकर्ताका लागि तयार भएको सहयोगी पुस्तिकाको मस्यौदामा छलफल भयो । प्राप्त मस्यौदामा प्रत्यक्ष रूपमा नै राय प्रतिक्रिया दिन उपयुक्त हुने ठानी मस्यौदाकारलाई आयोगमा आमन्त्रण गरी सुझाव दिने ।

३. कोरोना महामारीका कारण सूचना मार्कर्तालाई सूचना माग गर्न तथा प्राप्त गर्नका लागि मौखिकरूपमा सार्वजनिक निकायमा जान बाधा पुगी रहेको र सूचना प्रविधिको बढ्दो प्रयोगलाई ध्यानमा राखी विद्युतीय माध्यमबाट (इमेल) सूचना माग गर्न र सूचना उपलब्ध गराउन आयोगले प्रोत्साहन गर्ने गरेको छ । यसै क्रममा कतिपय सार्वजनिक निकायले विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रतिपृष्ठमा लाग्ने शुल्क दरको हिसाबबाट शुल्क माग गर्ने गरेको पाइएको सन्दर्भमा विद्युतीय माध्यमबाट उपलब्ध गराउने सूचनाका हकमा के गर्दा उपयुक्त हुने हो छलफल गरी सुझाव दिन आयोगका आयुक्त कमला ओली थापा, सचिव भागीरथ पाण्डे, पुनरावेदन शाखाका उपसचिव विश्वबन्धु पौडेल र कम्प्युटर अधिकृत राजन पाण्डेसमेतको समितिले अर्को बैठकमा सुझाव दिने ।

४. सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम सम्बन्धमा देहायको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूको हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरूको हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरूको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत् अनुरोध गर्ने ।

४.१ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रूपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हकसम्बन्धी अभिमुखीकरण, सूचनाको हकसम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादि)

४.२ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानुन अन्तर्गत प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

४.३ प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालिम र अभिमुखीकरण कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिमकार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।

४.४ प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष तथा निवेदकको नमूना तथा बस्ने, प्रतीक्षा गर्ने कक्षको व्यवस्था मिलाउने ।

५. नियमित वार्षिक रूपमा यस आयोगका लागि प्राप्त भइरहने बजेट तथा कार्यक्रम छुट्टै नाममा नभई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको एकमुष्ट सिलिङ्भित्र राखी उपलब्ध गराउने गरिएको छ । यसबाट आयोगले सम्पादन गर्ने कार्यक्रममा कुनै न कुनै रूपमा अस्पष्टता र असहजता हुने गरेको छ । संवैधानिक आयोगहरूका हकमा छुट्टै बजेट तथा कार्यक्रम स्वीकृति गर्ने व्यवस्था रहेको अवस्थामा सोही व्यवस्थाबमोजिम नै संवैधानिक दायित्व पूरा गर्न स्थापित यस आयोगलाई पनि छुट्टै ीक्ष्ःद्यक्ष्क ऋयमभ सिर्जना गरी आफ्नै नाममा बजेट सिलिङ्ग उपलब्ध गराउने व्यवस्था हुन अनुरोध गर्ने ।

६. अन्य विविध समसामयिक विषयमाथि छलफल भयो ।

सूचना अधिकारीहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न

सूचनाको हकसम्बन्धी ऐन, नियम तथा निर्देशिकाहरूको कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको महत्वपूर्ण भूमिका रहेको देखिएकोले कार्यालयको कार्यक्षेत्रभित्र पर्ने निकायहरूका सूचना अधिकारीहरूसँग एक दिवसीय अभिमुखीकरण २०७८ चैत्र ४ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्पन्न भयो ।

राष्ट्रिय सूचना आयोगबाट भएका विभिन्न निर्णयहरु कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी आउने गरेको तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट समेत सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनका विभिन्न पक्षहरूको सहजीकरणका लागि अनुरोध प्राप्त हुने गरेको सन्दर्भमा आयोजना गरिएको थियो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरण गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सूचना वर्गीकरण गर्न एक समिति रहने व्यवस्था रहेको छ ।

सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ मा सूचनाको हकको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न गराउन तथा तत्सम्बन्धमा समन्वय कायम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र राष्ट्रिय सूचना आयोगका सचिव सदस्य हुने साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव सदस्य-सचिव रहने केन्द्रीय समन्वय एकाइ तथा सो व्यवस्थालाई प्रभावकारी रूपले कार्यान्वनय गर्नको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा यस कार्यालयका सहसचिवसमेत सदस्य रहने कार्यान्वयन अनुगमन एकाइ गठन गरिने व्यवस्था रहेको छ । प्रत्येक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवालय रहने गरी सो कार्यालयको सचिवको अध्यक्षतामा प्रदेश अनुगमन एकाइ र जिल्ला हुलाक कार्यालयमा सचिवालय रहने गरी प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला अनुगमन एकाइ गठन हुने व्यवस्था छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राष्ट्रिय सुरक्षा र सुशासन क्षेत्र हेर्नुहुने सचिव सूर्य प्रसाद गौतमले अध्यक्षता गर्नुभएको सो कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा प्रमुख, सहसचिव मनोज कुमार आचार्यले कार्यक्रको उद्देश्य र औचित्यमाथि प्रकाश पार्नु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका सचिव भागिरथ पाण्डेयले सूचनाको हक तथा सूचना अधिकारीहरूको भूमिकाका विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकको कानुनी व्यवस्था तथा प्रावधानहरूका बारेमा विस्तृत चर्चा गर्नुभएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव तथा सूचना अधिकारी कविता फुयालले पनि सूचनाको हक कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यालयको भूमिका तथा सूचनाको हक प्रचलनमा सूचना अधिकारीहरूका समस्याहरु सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव सूर्यप्रसाद गौतमले प्रत्येक निकायले सूचना अधिकारी तोकी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ तथा नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने विवरण तोकिएको समयमै प्रकाशन/सार्वजनिक गर्ने तथा आफ्नो निकायको ध्भदकष्तभ अद्यावधिक गरी सूचना अधिकारीको फोन नं र इमेल ठेगाना समेत राख्ने व्यवस्था गर्न, राज्यका कामकारवाहीलाई खुला तथा पारदर्शी बनाई सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन तथा सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यालय प्रमुख र सूचना अधिकारीलाई साथै राखी छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सूचना आयोगसँग समन्वय तथा छलफल गर्ने, सूचना वर्गीकरणको कार्यलाई समयमै सम्पन्न गर्न सूचना वर्गीकरण समितिले माग गरेको ढाँचामा प्रत्येक निकायले आफू र आफ्नो निकायसँग सम्बद्ध विवरणहरू समयमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सहयोग गर्न निर्देशन दिनुभयो ।

सो क्रममा सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३ बमोजिमको केन्द्रीय समन्वय एकाइमा देहायबमोजिम सिफारिस गर्ने निर्णय गरेको छ ।

- प्रत्येक निकायले महाशाखा तथा शाखाहरूमा भएका महत्वपूर्ण निर्णय, सूचनाहरू सूचना अधिकारीलाई उपलब्ध गराउने तथा महत्वपूर्ण बैठकहरूमा सूचना अधिकारीहरूलाई संलग्न गराउने व्यवस्था गर्ने,
- प्रत्येक निकायले सूचना अधिकारीलाई उपलब्ध गराउन सकिने न्यूनतम सुविधाहरू जस्तै- मोबाइल, सीम कार्ड, मोबाइल रिचार्ज तथा अन्य प्रोत्साहनको व्यवस्था गर्ने,
- सूचना अधिकारीहरू छिटो छिटो परिवर्तन गर्ने व्यवस्थालाई निरूत्साहित गर्ने,
- सूचना अधिकारीहरूको क्षमता अभिवृद्धिका लागि नियमितरूपमा अभिमुखीकरण/तालिम/गोष्ठी/अन्तरक्रिया सञ्चालन गर्ने । ◆

सम्पादक मण्डल : रत्नप्रसाद मैनाली (सूचना आयुक्त), भागिरथ पाण्डेय (सचिव), हरिहर कार्की (शाखा अधिकृत)
सल्लाहकार : महेन्द्रमान गुरुङ (प्रमुख सूचना आयुक्त), कमला ओली थापा (सूचना आयुक्त)

नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेर्स एनडीआई/युएसएडसँगको सहकार्यमा

प्रकाशक
राष्ट्रिय सूचना आयोग
देवीनगर-१०, बानेश्वर, काठमाडौँ, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२